शहिद लखन गाउँपालिका

# युवा तथा खेलकुद विकास समिति (गठन तथा संचालन) कार्यविधि, २०७५

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

प्रमाणित

२०७६।११।१५

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका

युवा तथा खेलकुद विकास समिति (गठन तथा संचालन) कार्यविधि,२०७५

प्रस्तावना – खेलकुदका माध्यमबाट युवा, विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक, मानसिक तथा नैतिक पक्षको विकास गरी स्वस्थ, सबल र अनुशासित नागरिक तयार गर्नका लागि युवा परिचालन, जागरण र खेलकुद सम्बन्धी तालिमको व्यवस्था गर्दै खेलकुद प्रतियोगिताहरुको आयोजना गर्ने, गाउँपालिका बाहिर संचालन हुने खेलकुद प्रतियोगितामा सहभागिता जनाउने, समेतको आवश्यक व्यवस्था गरी युवा तथा खेलकुद क्षेत्रको विकास गर्न बान्छानीय भएकोले शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम तथा प्रारम्भ :- (१) यस कार्यविधिको नाम युवा तथा खेलकुद विकास समिति (गठन तथा संचालन)कार्यविधि २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद २

## परिभाषा

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "अध्यक्ष" भन्नाले युवा तथा खेलकुद विकास समितिको अध्यक्ष भन्ने सम्झनु पर्छ

(ख) "सदस्य" भन्नाले युवा तथा खेलकुद विकास समितिको सदस्य भन्ने सम्झनुपर्छ सो शब्दले समितिका अध्यक्ष उपाध्यक्ष सदस्य सचिव र कोषाध्यक्षलाई समेत जनाउनेछ ।

(ग) "युवा तथा खेलकुद विकास समिति" भन्नाले दफा ३ बमोजिम गठित शहिद लखन गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समितिलाई सम्झनु पर्छ ।

(घ) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिव भन्ने सम्झनु पर्छ ।

(ङ) "खेलकुद सम्बन्धि संस्था" भन्नाले दफा १० बमोजिम सूचिकृत भएको संस्था सम्झनु पर्छ ।

(च) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका मापदण्ड वा नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद ३

## समिति सम्बन्धी व्यवस्था

३. युवा तथा खेलकुद विकास समितिको गठन :-

(१) युवा तथा खेलकुद क्षेत्रको विकास गर्नका लागि युवा तथा खेलकुद विकास समितिको नामले एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्यहरु रहनेछन् ।

(क) वडा स्तरमा गठन हुने युवा तथा खेलकुद समितिका अध्यक्षहरु -सदस्य

(ख) गाउँ कार्यपालिकाद्वारा मनोनित खेलकुद क्षेत्रमा प्रतिभा आर्जन गरेका कम्तीमा १ जना महिला सहित २ जना सदस्य -सदस्य

(ग) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत खेलकुद प्रशिक्षक -सदस्य

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थैलङ, गोरखा २०७३

२०७८।११।१२
जविन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

(घ) उपदफा (२) (क) बमोजिमका सदस्यहरुबाट गाउँपालिकाका अध्यक्षद्वारा मनोनित १ जना -अध्यक्ष

(ङ) गाउँपालिकाको शिक्षा शाखाको प्रमुख -सदस्य सचिव

(३) समितिको संरक्षक गाउँपालिकाको अध्यक्ष हुनेछ।

(४) समितिको सचिवालय गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ।

४. निर्देशक समितिः

क) गाउँपालिकाको अध्यक्ष -संयोजक,

ख) गाउँपालिकाको उपाध्यक्ष -सदस्य,

ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य,

घ) सामाजिक विकास समितिको संयोजक वा सदस्य मध्येबाट गाउँ कार्यपालिकाले तोकेको १ जना -सदस्य,

ङ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

५. निर्देशन पालना गर्नु पर्ने :-

(१) निर्देशक समितिले खेलकुद सम्बन्धि संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धि संस्थाको कर्तव्य हुनेछ ।

(२) निर्देशक समितिले समय समयमा दिएको निर्देशन पालना गर्नु समितिको दायित्व हुनेछ ।

६. पदावधि :-

(१) मनोनित सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुन मनोनयन हुन सक्नेछन् ।

(२) पदावधि नसकिदै कुनै सदस्य पदबाट रिक्त हुन आएमा बाँकी पदावधिको लागि त्यस अघि जुन विधिबाट सो पदमा नियुक्ति भएको थियो सोही बमोजिम पदपूर्ति गरिनेछ ।

७. सदस्यको अयोग्यता :- (१) देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन

(क) गैर नेपाली नागरिक

(ख) साहुको ऋण तिर्न नसकी दामासाहिमा परेको

(ग) नैतिक पतनदेखि फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको

(घ) मगज बिग्रेको

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्यको हकमा पैतिस बर्ष भन्दा बढी उमेर पुगेको

(च) १८ बर्ष भन्दा कम उमेर भएको

८. सदस्यता समाप्त हुने अवस्था :- देहायको अवस्थामा सदस्यता समाप्त हुनेछ।

(क) दफा ६ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजिनामा दिएमा,

(ग) मृत्यु भएमा वा

(घ) समितलाई कारण सहित सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा।

९. युवा तथा खेलकुद समितिको बैठक तथा निर्णयः

(१) अध्यक्ष र सचिवको सहमतिमा बैठकको मिति समय र स्थान तय गरी समितिको बैठक बोलाउनेछ ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थैदउ, गोरखा २०७३

२०७८।११।१२
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक कम्तिमा २ महिनाको एक पटक र आवश्यकता अनुसार जतिपटक पनि बस्न सक्नेछ ।

(५) बैठकमा बहुमत सदस्यहरुको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायात्मक मत दिन पाउनेछ।

(६) बैठकको निर्णय पुस्तिकाको व्यवस्थापन तथा संरक्षण सदस्य सचिवले गर्नेछ ।

१०. **समितिको काम कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकुदको स्तरमा बृद्धि गर्न समय समयमा वडा स्तर, विद्यालय स्तर तथा गाउँ पालिका स्तरका खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने,

(ख) गाउँ पालिकालाई खेलकुद विकास सम्बन्धी विषयमा राय सुझाव पेश गर्ने,

(ग) खेलकुद सम्बन्धि संस्थालाई आर्थिक वा अन्य प्रकारको सहयोग उपलब्ध गराउन गाउँपालिकालाई सिफारिस गर्ने,

(घ) खेलकुद सम्बन्धी संरचनाको निर्माण, रेखदेख तथा संरक्षण गर्ने,

(ङ) वडा स्तरमा खेलकुद समिति गठन गर्न सहयोग गर्ने,

(च) खेलकुद सम्बन्धी संस्थाहरुवीच समन्वय स्थापना गर्न आवश्यक निर्देशन दिने,

(छ) विभिन्न कारणबाट शारीरिक वा मानसिक रुपका फरक क्षमता भएका व्यक्तिहरुको खेलकुद प्रतियोगिता गराउने

(ज) खेलकुद विकास सम्बन्धी आवश्यक कार्यहरु गर्ने

११. **वडा स्तरीय युवा तथा खेलकुद विकास समितिः**

(१) वडा स्तरमा युवा परिचालन तथा खेलकुदको विकास र विस्तार गर्नको लागि निम्न बमोजिमको खेलकुद विकास समिति गठन गरिनेछ ।

(क) प्रचलित कानुन बमोजिम वडा स्तरमा दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुका अध्यक्षहरु -सदस्य,

(ख) खेलकुद सम्बन्धी ख्याति प्राप्त व्यक्तिहरु मध्ये २ जना महिला सहित वडा समितिबाट मनोनित ३ जना -सदस्य,

(ग) उपदफा (१)(क) बमोजिमका सदस्यहरु मध्येबाट वडा अध्यक्षबाट मनोनित १ जना -अध्यक्ष,

(घ) वडा सचिव -सदस्य सचिव

(२) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारित गरे बमोजिम हुनेछ ।

१२. **समितिको खाता संचालनः**

(१) गाउँपालिका स्तरीय युवा तथा खेलकुद समितिको बैंक खाता समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतमा संचालन हुनेछ ।

(२) वडा स्तरीय युवा तथा खेलकुद समितिको बैंक खाता समितिका अध्यक्ष र वडा सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

२०७८।१९।०२

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत,

## परिच्छेद ४
## खेलकुद संस्था सम्बन्धी व्यवस्था

**१३. खेलकुद सम्बन्धि संस्था सूचिकृत हुनुपर्नेः**

(१) खेलकुद सम्बन्धि गतिविधि सञ्चालन गर्न प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थाले गाउँपालिका स्तरिय समितिको कार्यालयमा समेत दफा १३ बमोजिम सूचिकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) कमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्बन्धी संस्थाले गाउँ पालिका भित्र खेलकुद सम्बन्धि कुनै गतिविधि सन्चालन गर्न सक्ने छैन ।

**१४. नाम दर्ताको लागि दरखास्त दिनु पर्नेः** (१) समितिको लगतमा नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धि संस्थाले वडाको सिफारिस सहित देहायका कुराहरु खुलाइ समितिमा नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ ।

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुदको किसिम,

(ग) कार्य कारिणी समितिको नाम ठेगाना र पेशा,

(२) उपदफा (१) बमोजिम दरखास्त दिँदा खेलकुद सम्बन्धि संस्थाले स्विकृत विधानको १ प्रति प्रतिलिपि दरखास्त साथ संलग्न गर्नु पर्नेछ ।

**१५. खेलकुद सम्बन्धि संस्थाले नाम दर्ता गर्न सक्नेः** (१) दफा (१२) बमोजिम नाम दर्ता गराउनको लागि खेलकुद सम्बन्धी संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले २१ दिन भित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्बन्धि संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्बन्धि संस्थालाई दिनु पर्नेछ ।

(३) वडा स्तरिय खेलकुद समितिले सूचिकृत भएका संस्थाहरुको विवरण समय समयमा गाउँपालिका स्तरिय खेलकुद विकास समितिमा पठाउनुपर्नेछ ।

**१६. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने :**

(१) समितिले खेलकुद सम्बन्धि संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ । र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धि संस्थाको कर्तब्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद सम्बन्धी संस्था र समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानि खर्चको हिसाव किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो सूचिकरणको लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धि संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धि संस्थालाई दिनु पर्नेछ ।

**१७. समितिको स्वीकृत लिनु पर्नेः** खेलकुद सम्बन्धि संस्थाले खेलकुद प्रतियोगिता संचालन गर्नु पूर्व समितिको अनुमति लिनु पर्नेछ ।

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ५

## लेखा तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था

१८. खेलकुद सम्बन्धी संथाले हिसाबको श्रेस्ता राख्नु पर्नेः

(१) खेलकुद सम्बन्धि संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नु पर्दछ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ समितिले जहिले सुकै गर्न सक्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धि संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमितता भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउने र हिनामिना भएको रकम सम्बन्धीत व्यक्तिबाट असुल उपर गर्न गराउन संस्थाले आवश्यक कार्बाही गर्नुपर्नेछ ।

१९. समितिको लेखापरीक्षणः समितिले दर्तावाला लेखापरिक्षकबाट वार्षिक रुपमा समितिको आय व्ययको लेखापरिक्षण गराउनुपर्नेछ ।

## परिच्छेद ६

## विविध

२०. सदस्यहरुको भत्ताः सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

२१. बाधा अड्काउ फुकाउः यो कार्यविधि बमोजिम कार्य गर्न कुनै अस्पष्टता र बाधा परेमा सो को व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा हुनेछ ।

मिति २०७५।११।१२ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमाणिकरण मितिः २०७५।११।१२

जीवन बहादुर आले मगर

प्रमुख प्रशासकीय अधिकृत